ईनरुवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इनरुवा, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं. : ०८३।०८४
च.नं. : ००२०४

आन्तरिक आय संकलन ठेक्का आव्हान (e-biddingमात्र) को ७ दिने सूचना ।
( दोश्रो पटक प्रकाशित मिति : २०८३।०४।२६ गते)

यस इनरूवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आ.व. २०८३/०८४, ०८४/०८५ र ०८५ ०८६ सम्मको लागि आन्तरिक आय महानन्द पंचवटी पार्क ठेक्का कर संकलनका लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले तपशिल वमोजिमको शर्तहरूको अधिनमा रहि e-bidding को माध्यमवाट वोलपत्र पेश गर्न हुन . सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१. तपसिलमा उल्लेखित दस्तुर फिर्ता नहुने गरी इनरूवा नगरपालिका कार्यालय, इनरूवाको नाममा राष्टिय वाणिज्य वैंक, ईनरूवा शाखामा रहेका आन्तरिक राजश्व खाता न. २२२०१००३०१०१०००३ मा रकम जम्मा गरेको भौचर कम्पनी, फर्महरूले व्यवसाय नविकरण भएको इजाजतपत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. ०८१।०८२ को कर चुक्ताको प्रमाणपत्रहरू संलग्न राखी www.bolpatra.gov.np वाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औ दिन (२०८३।०५।०१ गते कार्यालय समय) सम्म खरिद गर्न सकिनेछ । खरिद भएको वोलपत्र सम्वन्धी कागजात ८ औ दिन (२०८३।०५।०२ गते दिनको १२:०० वजे सम्म) e-bidding वाट मात्र दर्ता गराउनु पर्नेछ ।
२. दर्ता भएका वोलपत्रहरू अन्तिम दर्ता गर्नु पर्ने दिनको २.०० वजे कार्यालयका प्रतिनिधिहरू र वोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा इनरूवा नगरपालिका कार्यालय, इनरूवामा खोलिनेछ । वोलपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि वोलपत्र खोल्ने कार्यमा कुनै वाधा पर्ने छैन ।
३. वोलपत्र विक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही वमोजिम हुनेछ ।
४. वोलपत्र दाखिला गर्दा आफुले कवोल गरेको आय ठेक्का अंकको ५% धरौटी रकम इनरूवा नगरपालिकाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक इनरूवाको धरौटी खाता नं. २२२०१००३०३००००३ मा रकम जम्मा गरेको भौचर वा नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त वैंकले जारी गरेको १२० (एक सय वीस) दिन म्याद भएको विडवण्डको प्रति पेश गर्नुपर्ने छ ।
५. वोलपत्रदाताले वोलपत्रभा दररेट भर्दा मुल्य अभिवृद्धि कर वाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।
६. नगरपालिकाले तोकेको न्यूनतम कागजात पेश गरेका फर्महरू मध्ये सवैभन्दा वढी अंक कवोल गर्ने फर्मको ठेक्का स्विकृत गरीनेछ । साथै नगरपालिकाले तोकेको न्यूनतम ठेक्का अंक भन्दा कम अंक कवोल गर्ने फर्मलाई मुल्यांकनमा समावेश गरिने छैन ।
७. ठेक्का सम्वन्धमा प्रचलित कानून वमोजिम वुझाउनु पर्ने कर, दस्तुर, महशुल कम्पनी, फर्म पक्षवाट वुझाउनु पर्ने छ र सो को फरफारकको प्रमाण कार्यालयमा पेश गरे पछि मात्र निजले ठेक्का कवोल गर्दा राखेको धरौटी फिर्ता वा फुकुवा गरिनेछ ।
८. ठेक्का स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिनभित्र सम्झौता गर्नु पर्ने छ ।
९. वोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र कवुलियत, सम्झौता गरी पट्टापुर्जी (इजाजतपत्र) नलिएमा कम्पनी, फर्मले राखेको धरौटी जफत गरिनेछ र अन्यको हकमा प्रचलित कानून र नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

१०. कानुन वाहिरको परिस्थिती परी आई ठेक्काको कर असुली प्रभावित भएमा कम्पनी, फर्मले यस कार्यालयमा निवेदन दिन सक्नेछ । त्यसरी प्रभावित भए, नभएको सम्वन्धमा इनरूवा नगरपालिकाले आवश्यक समिति गठन गरी सो समितिवाट स्थलगत निरीक्षण गरी प्राप्त प्रतिवेदन लिई आवश्यक कार्यवाही गरिनेछ ।

११. कम्पनी, फर्मले आय सकलनका लागि लिएको करको ठेक्कामा नगरपालिकाको आर्थिक ऐन वमोजिम हुनेछ र वढी लिएको पाइएमा वा ठहरेमा कानून बमोजिम हुनेछ ।

१२. पार्कको दक्षिण पूर्व वा सो आसपासको क्षेत्रमा क्याफे/खाजा (वढी मा ६०० व.मि. सम्मको) घर संचालन गर्न दिइनेछ ।

१३. कर संकलन ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानि नोक्सानी पुर्याएमा सो को हर्जना अशुल गरी कम्पनी, फर्मलाइ आवश्यक कारवाही हुनेछ ।

१४. पहिलो वोलपत्रदाताले ठेक्का स्वीकृत भई नियम अनुसारको प्रकृया पुरा गरि ठेक्कामा सम्झौता नगरेसम्म दोश्रो र तेश्रो वोलपत्रदाताको धरौटी रकम फिर्ता गरिने छैन ।

१५ पार्क भित्र रहेका सार्वजनिक सम्पत्तिहरू जस्तै भौतिक संचरना, खेल सामाग्रीहरू, वोटविरूवा, फलफुलका विरूवाहरूको संरक्षण गर्नुपर्ने । साथै सम्झौता अवधि समाप्त भएपछि पार्कको सम्पूर्ण सम्पत्ति यथास्थितिमा न.पा.लाई वुझाउनु पर्नेछ ।

१६. पार्क भित्र नयाँ भौतिक संरचना निर्माण गर्नु पर्ने भएमा न.पा.सँग अनुमति लिनु पर्नेछ ।

१७. पार्क भित्र अनौतिक तथा गैरकानूनी कार्यहरू गर्न नपाईने । साथै पार्क भित्र मादक पदार्थ, सुर्तीजन्य वस्तु, लागुऔषधी दुर्व्यसनी जस्ता वस्तुहरू निषेधित गर्ने ।

१८. पार्क संचालन गर्दा वातावरणीय तथा सार्वजनिक हित विपरीतका कार्य गर्न पाइने छैन ।

१९ पार्कको सरसफाइ, सुरक्षा तथा नियमित व्यवस्थापनको जिम्मेवारी ठेकदार स्वयम हुनेछ ।

२० कर संकलनमा कुनै किसिमको विवाद भएमा यस कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ ।

२१. कर संकलन गर्दा प्रयोग गरिने रसिद, कर्मचारी समेतको व्यवस्था कम्पनी, फर्म आफैले गर्नु पर्नेछ ।

२२ ठेक्का अवधी २०८३ श्रावण १ देखि २०८४ असाढ मसान्त सम्म हुनेछ ।

२३ सम्झौताका सवै शर्तहरू र ठेक्काका प्रक्रिया प्रचलित कानून वमोजिम हुनेछ ।

२४. करको दर इनरूवा नगरपालिकाको आर्थिक ऐनमा तोकिए वमोजिम हुनेछ ।

२५. पर्न आएका वोलपत्रहरू स्वीकृत गर्ने, नगर्ने लगायत ठेक्का सम्वन्धि निर्णय गर्नुपर्ने सम्पुर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

२६. यस सूचनामा छुट हुन गएका अन्य कुराहरू प्रचलित ऐन कानून अनुसार हुनेछ ।

२७ अन्य विस्तृत जानकारीका लागि इनरूवा नगरपालिका कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | विवरण | न्यूनतम ठेक्का अंक १३% भ्याट बाहेक | धरौटी | कैफीयत |
|---|---|---|---|---|---|
| १. | INR/II/01/083-084 | महानन्द पंचवटी पार्क | १२,००,०००।०० | कवोल अकको ५% | |

२०८३।४।२५

भाष्कर दाहाल
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत